# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, भरतपुर चितवन

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) अनुसार प्रकाशित जानकारीमूलक सूचना सामग्री

२०७५ बैशाख देखी असार मसान्तसम्मको विवरण मूलभूतरुपमा समाबिष्ट गरिएको

प्रकाशन मिति २०७५ श्रावण २२

प्रकाशकः
भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन
फोन नं.०५६५२०१६७, ०५६५२१४६७,०५६५२५७७१
फ्याक्स नं. ०५६५२५७७१
वेवसाईटः www.bharatpurmun.gov.np
ईमेलः bmc@ntc.net.np

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को परिच्छेद २ दफा ५(३) अनुसार सार्वजनिक निकायले प्रकाशन गर्नुपर्ने सूचना सिलसिलावद्धरुपमा तल प्रस्तुत गरिएको छ :

## १. निकायको स्वरुप र प्रकृति

परिचय

- प्रदेश नं ३
- अंचलः नारायणी
- जिल्लाः चितवन, स्थापना मितिः २०३५ साल, क्षेत्रफलः ४३२.९५ बर्ग कि.मी.
- भरतपुर महानगरपालिका, स्थापना मिति २०७३ फागुन, वडा संख्याः २९
- दीर्घकालीन सोचः **हाम्रो प्रतिवद्धता हाम्रो रहर, सुन्दर र समृद्ध भरतपुर महानगर**
- घर धुरीः ६९०३५, जनसंख्याः २८०५०२ महिलाः १४६५०१ पुरुषः १३४००१
- साक्षरता प्रतिशतः ८५.२५
- उचाई १४० मिटरदेखि ३९० मिटरसम्म

- औषत तापक्रमः न्युनतम १०० से. देखि अधिकतम ४००.०० से. सम्म
- विद्यालयः  प्रा.वि. ६०, नि.मा.वि. ३६, मा.वि. ८१, उच्च मा.वि. ३९, बिश्व बिद्यालय १

## २. निकायको काम, कर्तव्य र अधिकार

- नगर प्रहरी व्यवस्थापन
- सहकारी संस्था व्यवस्थापन
- एफ एम संचालन
- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्यांक र अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजना
- आधारभूत र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाई
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक र सिंचाइ
- गाउं सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन
- जग्गा धनी दर्ता प्रमाणपूर्जा वितरण
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- बेरोजगारको तथ्याङ्क सङ्कलन
- कृषि प्रसारको व्यवस्थापन, सचांलन र नियन्त्रण
- खानेपानी, साना जलबिद्युत आयोजना, वैकल्पिक उर्जा
- विपद व्यवस्थापन
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा स्वीकृत दरबन्दी जम्मा ३३४

## ४. निकायबाट प्रदान गरिने सेवा, सम्बन्धित शाखा, जिम्मेवार अधिकारी लाग्ने दस्तुर र अवधि

| क्र.स. | सेवाको किसिम | जिम्मेवार अधिकारी | लाग्ने समय | लाग्ने दस्तुर (रु मा ) |
|---|---|---|---|---|
| १ | घर जग्गा नामसारी | वडा अध्यक्ष | सोहि दिन | १६०० |
| २ | मोही लगत कट्टा | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ३ | घर कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ४ | छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | नि:शुल्क |
| ५ | बिपन्न बिद्यार्थी छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | नि:शुल्क |
| ६ | अपांग सिफारिस | वडा अध्यक्ष | सोहि दिन | नि:शुल्क |
| ७ | अस्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ८ | स्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ९ | नागरिकता र प्रतिलिपि सिफारिस | वडा अध्यक्ष | सोहि दिन | नि:शुल्क |
| १० | अंगिकृत नागरिकता सिफारिस | वडा अध्यक्ष | सर्जमिन गरि ३ दिन | नि:शुल्क |
| ११ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | नि:शुल्क |
| १३ | बिद्युत जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| १४ | धारा जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| १५ | जीवित रहेका सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| १६ | दुवै नाम गरेका व्यक्ति एकै हो भन्ने सिफारिस/ फरक जन्म मिति संसोधन सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| १७ | जग्गा मुल्यांकन सिफारिस/ प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | जग्गा मूल्यांकनको आधारमा |
| १८ | ब्यबसाय बन्ध सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| १९ | ब्यबसाय संचालन नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| २० | ब्यापार ब्यबसाय नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| २१ | कोर्ट फि मिनाहा सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| २२ | नाबालक परिचय पत्र सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| २३ | चौपाया सम्बन्धी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| २४ | ब्यबसाय दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| २५ | उद्योग ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २६ | बिद्यालय ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २७ | आन्तरिक बसाइ सराइ सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |

| | | | | |
|---|---|---|---|---|
| २८ | बिद्यालय संचालन, स्वीकृत/कक्षा बृद्धि सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| २९ | ब्यतिगत विवरण सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ३० | जग्गा दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ३१ | सम्रक्षक सिफारिस (व्यक्तिगत) | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ३२ | सम्रक्षक सिफारिस (संस्थागत ) | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ३४ | जीवित संगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ३५ | मृतक संगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १०० |
| ३६ | कोठा खोल्न कार्य/ रोहबरमा बस्ने कार्य | वडा अध्यक्ष | सोहि दिन | १५०० |
| ३७ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | वडा अध्यक्ष | सोहि दिन | नि:शुल्क |
| ३८ | अन्य कार्यालयका माग अनुसार विवरण खुलाइ पठाउने कार्य | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ३९ | संस्था दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| ४० | घर बाटो प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | २००० |
| ४१ | चार किल्ला प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | एकिकृत सम्पति करको मूल्यांकनको आधारमा |
| ४२ | जन्म मिति प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ४३ | बिबाह प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ४४ | घर पाताल प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ४५ | कागज/ मंजुरीनामा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ४६ | हक वाला वा हकदार प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ४७ | अबिबाहित प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ४८ | जग्गा रेखांकन कार्य/ सो कार्यमा रोहबर | वडा अध्यक्ष | सोहि दिन | |
| ४९ | जग्गा धनिपुर्जा हराएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ५० | पुर्जामा घर कायम गर्ने सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ५१ | अंग्रेजी सिफारिस तथा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ५२ | मिलापत्र कागज/उजुरी दर्ता | वडा अध्यक्ष | सोहि दिन | ६०० |
| ५३ | सम्पति कर/ घर जग्गा कर | वडा सचिब | सोहि दिन | मुल्यांकनको आधारमा |
| ५४ | बहाल कर | वडा सचिब | सोहि दिन | सम्झौताको आधारमा ब्यबसाय प्रयोजनको लागि १० प्रतिशत, बसोबास |

| | | | | |
|---|---|---|---|---|
| | | | | प्रयोजनको लागि २ प्रतिसत र कृषी प्रयोजनको लागि १ प्रतिसत |
| ५५ | बिज्ञपन कर | वडा सचिब | सोहि दिन | महानगरले तोके बमोजिम |
| ५६ | जन्म दर्ता | वडा सचिब | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५७ | मृत्यु दर्ता | वडा सचिब | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५८ | बसाइ सराइ जाने आउने दर्ता | वडा सचिब | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५९ | सम्बन्ध बिच्छेद दर्ता | वडा सचिब | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६० | बिबाह दर्ता | वडा सचिब | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६१ | नया ब्यबसाय दर्ता | वडा सचिब | सोहि दिन | ब्यबसायको प्रकृति हेरी |
| ६२ | ब्यबसाय नबिकरण | वडा सचिब | सोहि दिन | तोकिए बमोजिम |

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

सामान्य निर्णयहरु टिप्पणीको आधारमा महाशाखा प्रमुखबाट, प्रशासकिय निर्णय प्रमुख प्रशासकिय अधिकृतबाट र अन्य निर्णयको हकमा बिषयबस्तु हेरी नगर प्रमुख, उप प्रमुख, कार्यपालिका वैठक र नगर सभाबाट गर्ने व्यवस्था रहेको छ ।

## ६. निर्णयउपर उजुरी सुन्ने अधिकारीः

यस महानगरबाट प्रदान गरिएको सेवामा चित्त नवुझे वा समयमा सेवा प्राप्त नभएमा प्रमुख प्रशासकिय अधिकृत, श्री नेत्रप्रसाद सुवेदी समक्ष गुनासो गर्न सकिने व्यवस्था रहेको छ ।

## ७. सम्पादन गरेको कामको विवरणः

### संस्थागत विकास, सुशासन र सेवा प्रवाह

- सेवा प्रवाह प्रभावकारी बनाउनको लागि प्राबिधिक जनशक्ति भर्ना गरिएको तथा कम्प्यूटर लगायत सामाग्रीको वन्दोबस्त गरीएको ।
- प्रमुख, उपप्रमुख, केही वडा अध्यक्षहरु र प्रमुख प्रशासकीय अधिकृत लगायत केही कर्मचारीहरुबाट थाइल्याण्ड, श्रीलंका, कोरिया, मंगोलिया, चीन लगायतका देशहरुको भ्रमण भएको।
- बिकासमा निजि क्षेत्रको सहभागिता र सहकार्य बढाउनकोलागि सार्वजनिक निजी साझेदारी ऐनको तर्जुमा गरिएकोछ। हरेक वडा कार्यालयबाट कर संकलन गर्ने कार्य शुरुवात गरीएको छ । व्यवसाय कर संकलनका लागि जनप्रतिनिधि र कर्मचारी सहितको राजश्व संकलन टोली गठन गरी परीचालन गरिएको छ ।
- E-Governance लाई जोड दिन हरेक वडामा Internet को सुबिधा उपलब्ध गराइएको छ। व्यक्तिगत घटना दर्तालाई On line मार्फत गर्ने गरिएको छ।

- दुई पक्षीय हितका बिषयमा चिनका केही शहर संग MOU तथा भगिनी सम्बन्ध कायम गरीएको।
- टोल फ्रि नम्बर संचालनमा आएको छ भने  हेल्प डेस्क स्थापना गरिएको छ ।
- महानगर बुलेटिन प्रकाशन प्रारम्भ गरिएको छ ।
- राजश्व संकलन कार्य हरेक वडा कार्यालयबाट Internet Computer System बाट संकलन गर्नको लाग Internet को क्षमता बढाउदै लगिएको छ।
- घर बहालकर संकलन गर्ने कार्यको शुरुवात गरिएको छ भने धेरै कर तिर्नेलाइ सम्मानित गरिएको छ ।
- चालु आ व देखि कार्यक्रम तयार गर्दा सुत्र Software प्रयोगमा ल्याइएको छ ।

**वातावरण तथा विपद व्यवस्थापन क्षेत्र**

- ७, ११ र २१ लाई वातावरणमैत्री वडा घोषणा गरिएको छ ।
- एक वडा एक पार्क र एक वडा एक पोखरीको नीति अनुसार हाल सम्म २९ वटा पार्क र १० वटा पोखरी निर्माण तथा व्यवस्थापन गर्ने कार्य गरिएको छ।
- "क्लिन भरतपुर ग्रीन भरतपुर" को नीति अनुसार १० वटा भन्दा बढी सार्वजनिक चौतारीको निर्माण तथा संरक्षण भएको छ, सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुसार निजि संस्थाहरुको सहभागीतामा फोहरको व्यवस्थापन गरिएको छ ।
- "घरभित्रको फोहर घरभित्र नै" भन्ने नीति अनुसार फोहरलाई श्रोतमानै विभाजन गरी कुहीने फोहरबाट मल बनाउन सहभागीतामा आधारीत रिङ्ग कम्पोष्ट च्याम्बर र डस्टबिन वितरण तथा कौषि खेती सम्बन्धी तालिम लगायत सचेतनामुलक कार्यक्रमहरु संचालन गरियो ।
- अध्ययन अनुसन्धानमा आधारीत उपायहरुको अवलम्बन गरी समग्र भरतपुरको वातावरण संरक्षण गर्न योजनाबद्ध कार्यक्रमहरु संचालन गरिने नीति अनुसार पूर्वाका ईटहरी, धरान, धनकुटा, ईलाम र पश्चिममा भैहरवा, वालिङ्ग, स्याङ्गजा आदीको अवलोकन भ्रमण गरी सिकाई आदानप्रदान भएको छ ।
- फोहरबाट उर्जा परियोजना संचालन गर्ने नीति अनुसार बैकल्पिक उर्जा प्रवद्र्धन केन्द्रको प्राविधिक सहयोग र विश्व बैकको आंशिक आर्थिक सहयोगमा विस्तृत परियोजना अध्यायन गर्ने कार्य अगाडी बढेको छ

**पूर्वाधार क्षेत्र**

सडक पूर्वाधार : भरतपुर महानगरपालिकामा हालसम्म करिब १४२४ कि मी सडक तयार भएको छ ।

**सामाजिक क्षेत्र**

आधारभूत र माध्यमिक शिक्षा

- आवश्यकता अनुसार नयाँ विद्यालय खोल्ने, कक्षा थप गरी संचालन गर्ने सम्वन्धमा प्रचलित कानून वमोजिम प्राप्त कागजातहरुको अध्ययन र स्थलगत निरीक्षण अनुगमनका आधारमा संचालन अनुमति प्रदान गर्ने कार्य सम्पन्न गरिएको छ । साथै संस्थागत विद्यालयको अनुमति, नियमन र अनुगमन तथा मूल्यांकन प्रणालीलाई व्यवस्थित गर्दै लगिएको छ ।

- महानगरका सबै वालवालिकालाई आधारभूत तह निशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा उपलब्ध गराउने उद्धेश्यलाई पुरा गर्न आवश्यक नीति नियम निर्माण गरिएको छ ।

- आवश्यकता अनुसार महानगरभित्र प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रमतर्फ सामुदायिक विद्यालयहरुमा व्यवसायिक र प्राविधिक धार तर्फको कक्षा संचालन गर्न आवश्यक पहल गरी विपन्न र सिमान्तकृत समुदायका वालवालिकालाई उच्च शिक्षामा पहुँच वढाउन महानगर छात्रवृत्ति कार्यक्रम लागू गरिएको छ ।

- विद्यालय भर्ना दर बृद्धि गर्ने तथा कक्षा छाड्ने र दोहोर्याउने दर न्युन गर्न शैक्षिक सत्रको शुरुमा विद्यालय, वडा कार्यालय,स्थानीय क्लवको सहभागिता र जनप्रतिनिधिहरुको सक्रियतामा विद्यार्थी भर्ना अभियान कार्यक्रम संचालन गरी भर्नादर वृद्धि गरिएको छ ।

- महानगरक्षेत्र भित्रका सवै वाल विकास केन्द्रहरू तथा निजी मन्टेश्वरीहरूको नियमन र अनुगमन गरी एक विद्यालय एक वालविकास केन्द्र नीतिलाई अवलम्वन गरिएको छ ।

- हाल संचालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुमध्ये एक सामुदायिक सिकाई केन्दलाई साधन स्रोत सम्पन्न वनाइएको छ ।

- विद्यालय अनुगमन निरीक्षण कार्यलाई वढि प्रभावकारी वनाई विद्यालयको शैक्षिक व्यवस्थापन र सिकाई सुधारमा जोड दिइएको छ ।

**स्वास्थ्यः**

- महिला तथा जेष्ठ नागरिकहरुको लागि स्वास्थ्य उपचारमा पहुच पुर्याउन भरतपुर अस्पतालमा शुरु गरिएको निःशुल्क बहिरङ्ग सेवालाई निरन्तरता दिइ रहिएको छ ।

- यस भरतपुर महानगरपालिका भित्रका एच.आई.भि. पोजेटिभ तथा एड्स रोग संक्रमितहरुको लागि स्वास्थ्य बीमाको प्रिमियम रकम महानगरपालिकाबाट उपलब्ध गराई स्वास्थ्य बीमा गरिदिने प्रक्रियाको शुरुवात भैसकेको छ ।

- पूर्ण खोप घोषणा, दिगोपन सुनिश्चित सम्बन्धमा हाल सम्म पछिल्लो पटक वडा नं. १४ शिवनगर र वडा नं. २९ कविलास सहित १८ वडा पूर्ण खोप घोषणा भैसकेको र बाँकी ११ वटा वडा (

१,२,३,४,५,७,८,९,१०,११ र १२ ) लाई पुर्ण खोप घोषणा गर्दै महानगरपालिकालाई नै पूर्ण खोप घोषणा यसै आषाढ महिना भित्र गर्नको लागि आवश्यक प्रक्रियाहरु पुरा गरि सकिएको छ ।

- महानगर भित्र फैलिन सक्ने किटजन्य रोग, सरुवा रोगको महामारीलाई रोकथाम र नियन्त्रण सम्बन्धि कार्यक्रमहरु संचालन गरिएको साथै महानगरपालिका भित्र कुष्ठरोग निवारण अभियान संचालन गरी १२ जना नयाँ कुष्ठरोगीहरु पत्ता लगाई उपचार शुरु गराईएको छ ।

**लैगिक समनता तथा सामाजिक समावेशीकरण**

- "हाम्रा बालबालिका हाम्रो भविष्य" भन्ने मूल्य र मान्यता लिई बालमैत्री स्थानीय शासनको अवलम्बन गर्ने नीतिलाई सूचकमा आधारित बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिएको छ । बालमैत्री नगर निर्माण गर्ने लक्ष्यलाई सुनिश्चिताका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन रणनीति तर्जुमा गरिएको छ ।

- बालबालिका विरुद्ध हुने सवै प्रकारका हिंसा, दुव्र्यवहार, बेचविखन, यातना, अपहरण र भेदभावको निषेध गरिने नीतिको अवलम्वन गरिएको छ । यसको प्रभावकारिताका लागि बाल संरक्षण नीति तर्जुमा गरिएको छ । साथै यूनिसेफ लगायतका राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरुको सहयोग, समन्वय र साझेदारीमा बाल संरक्षण तथा बालश्रम न्यूनीकरण कार्यक्रम निरन्तर रुपमा संचालन भएको छ ।

- महिला, दलित, जनजाती, आदि लक्षित वर्गको शसक्तीकरणका लागि सचेतनामूलक, विविध क्षमता विकास र आय मूलक सीप विकास कार्यक्रमहरु वडा वडाहरुमा घनीभूत रुपमा संचालन गरिएको छ । र लैगिक हिंसा, शोषण, बेचबिखन, विभेद तथा दुव्र्यबहारलाई शून्य शहनशीलताको नीति अबलम्बन गरिएको छ ।

- विभिन्न चरणका आन्दोलनहरुका शहीद परिवार, वेपत्ता परिवार एवं घाईते योद्धा परिवारका बालबालिकाहरुका लागि शैक्षिक सामाग्री तथा पोशाक उपलब्ध गराई उक्त परिवारहरुलाई सहयोग र सम्मान गर्ने कार्यको शुरुवात गरिएको छ ।

- खेलकुदको माध्यमबाट युवाको चौतर्फी विकासका लागि प्रथम मेयर रनिङ्ग अन्तराष्ट्रिय भलिवल कप, मेयर रनिङ्ग क्रिकेट कपका साथै नगर स्तरिय विभिन्न खेलकुद कार्यक्रमहरु संचालन भएको छ ।

- विभिन्न जातजातीहरुको भाषा, संस्कृत र परम्पराको आवश्यक प्रवद्र्धन र विकासका लागि प्रोत्साहन गरिएको छ ।

- राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुको सूचीकृत सहित संस्थाको बजेट तथा कार्यक्रमहरु बार्षिक नगर विकास योजनामा समावेश गर्ने कार्य शुरुवात गरिएको छ ।गैर सरकारी संघ संस्थाहरुको समन्वय, अनुगमन, नियमन र प्रोत्साहन गर्न कार्यविधि बनाई लागु गरिएको छ ।

- टोल विकास संस्था लगायत समुदायमा आधारित संस्थाहरुलाई महानगरको विकासमा परिचालन गरिएको छ ।

**आर्थिक क्षेत्र**

- दुध उत्पादनको आधारमा अनुदान दिने कार्यलाई अगाडी बढाईएको छ ।
- उद्योग मैत्री समाज र समाज मैत्री उद्योग स्थापना गर्ने अवधारणा लाई अघि बढाईएको छ ।
- महानगरपालिका क्षेत्र भित्रका ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्वका सम्पदाहरुको संरक्षण गर्ने कार्यलाई प्राथमिकतामा राखि कार्य गरिएको छ ।
- पर्यटनको पूर्वाधार विकासमा स्थानीय संघ सस्था, समुदाय तथा निजी क्षेत्रको नेतृत्व तथा सहभागितालाई प्रोत्साहन गरिएको छ ।
- महानगरपालिकाभित्रका प्रमुख पर्यटकिय स्थल पहिचान गरी सो स्थानमा पूर्वाधार विकासको कार्यलाई अघि बढाईएको छ ।
- प्रर्यटकीय क्षेत्रमा पूर्वाधार निर्माण गर्दा स्थानीय संस्कृति झल्कने किसिमका पूर्वाधार बनाउन प्रोत्साहन स्वरुप जनचेतनामुलक कार्यक्रम सञ्चालन गरीएको छ।
- सहकारी ऐन तर्जुमा गरी कार्यान्वयनको प्रकृया अघि बढेको अवस्था छ ।

## ८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

कार्यालय प्रमुखः नेत्रप्रसाद सुबेदी, प्रमुख प्रशासकीय अधिकृत र सूचना अधिकारी मेनका पण्डित, सूचना अधिकृत

## ९.ऐन, नियम, विनियम वा निर्देशनको सूचीः

भरतपुर महानगरपालिकाबाट पारित भएका ऐन, बिनियम र कार्यबिधिहरुको विवरण.

- बैठक संचालन कार्यबिधि, २०७४
- कर्मचारीहरुको आचार संहीता, २०७४
- भरतपुर महानगरपालिका, नगर कार्यपालिका कार्य सम्पादन नियमावली,२०७४
- भरतपुर महानगर नगर सभा संचालन कार्यबिधि, २०७४
- उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यबिधि २०७४
- "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यबिधि, २०७४
- करारमा प्राबिधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यबिधि,२०७४

- सहकारी ऐन परिमार्जन सहित, २०७५
- शिक्षा ऐन परिमार्जन सहित, २०७५
- अर्थ बिधेयक, २०७५
- बिनियोजन बिधेयक, २०७५
- वडा स्तरीय पशुपक्षीं तथ्याकं प्रोफाइल तयार गर्ने कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७५
- दुग्ध उत्पादन र वजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यबिधि,२०७५
- पशु स्वास्थ्य तथा बाझोपन निवारण शिविर संचालन कार्यबिधि,२०७५
- प्रशासकिय कार्यबिधि (नियमित गर्ने) ऐन,२०७५
- न्यायीक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यबिधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५
- सार्वजनीक निजी साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक,२०७५
- छात्रबृत्ति छनौट सम्बन्धी कार्यबिधि,२०७५
- स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि,२०७५

## १०. आम्दानी, खर्च, तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण

आ.ब ०७४/०७५ असार मसान्त सम्मको वित्तीय विवरण

आय विवरण : २,७०,८०,७४,२३२.५७

व्यय विवरण :

प्रशासनिक खर्च २३,१७,३१,०५८.७३

सशर्त अनुदान खर्च ६६८७१७०८४.३४

पूर्वाधारतर्फ खर्च ८०२६७४२६९.५५

वातावरणतर्फ ६,४९,७९,९०४.९८

सामाजिक सुरक्षा ३९,३०,९२,०००

## ११.सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषयः

यस आ.ब. ०७४/०७५ मा भरतपुर महानगरपालिका कार्यालयमा सूचना माग सम्बन्धी कुनै निबेदन दर्ता नभएको ।

## १२. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको भए सोको विवरण

- महानगर वुलेटिन, २०७५ साउन
- व्रोसर
- जर्नल